"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

बागलुङ

पत्र संख्याः- ०७७/७८
चलानी नः- २६३८

प्रशासन शाखा

गण्डकी प्रदेश
मितिः-२०७८/२।२३

## सेवा स्थगनबारेको सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाईरस (Covid-19) को संक्रमणका कारण न्यायका उपभोक्ता तथा कार्यरत जनशक्तिसमेतको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ गते जारी प्रेस विज्ञप्ति एवं हालका दिनमा यस जिल्लाभित्र तीव्र रुपमा बढीरहेको कोरोना भाईरस (Covid-19) को सन्त्रासको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय, बागलुङले मिति २०७८।१।२१ गतेदेखि लागु हुने गरी मिति २०७८।२।२२ गतेसम्म निषेधाज्ञा जारी गरिसकेको र सम्मानित उच्च अदालत पोखरा बागलुङ ईजलासमा भएको अदालत र बारसमेतको छलफलबाट सो निषेधाज्ञा अवधिभरका लागि यस अदालतबाट भई आएका सेवाहरु मध्ये निम्न सेवाबाहेकका अन्य सवै सेवाहरु निषेधाज्ञाको अवधिभरका लागि स्थगन गरिएकोमा पूनः मिति २०७८।२।२१ गते बसेको DCMC को सिफारिश एवम् सोही मितिमा बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट भएको निर्णय अनुसार निषेधज्ञाको समयावधि मिति २०७८।२।३१ सम्म थप गर्ने भन्ने जिल्ला प्रशासन कार्यालय, बागलुङबाट सुचना प्रकाशित भएको र सो निषेधज्ञाबाट अदालतको सेवाग्राही समेतलाई आउन जान असुबिधा हुने अबस्था समेतलाई मध्यनजर गरी मिति २०७८।२।२३ गते देखि मिति २०७८।२।३१ गते गतेसम्म पूर्वसुचना अनुसार तपसीलका सेवा बाहेक अन्य सेवा स्थगन गरिएको बेहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निषेधाज्ञाका कारण काम कारवाही स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने बेहोरा अनुरोध छ । यसबाट कानुन व्यवसायी, न्यायका उपभोक्ता लगायत सम्वन्धित सवैमा पर्न गएको असुविधाप्रति अदालत क्षमाप्रार्थी छ ।

### सञ्चालनमा रहेका सेवाहरु

१. पक्राउ अनुमति, पक्राउ स्वीकृति र म्याद थप ।
२. अभियोग दर्ता, बयान तथा थुनछेक ।
३. मिलापत्र, मुद्दा फिर्ता (दर्ता भैसकेका मुद्दाहरुको हकमा मात्र) ।
४. विशेष प्रकृतिका निवेदन दर्ता ।
५. बन्दीप्रत्यक्षीकरणको निवेदन।
६. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु।
७. बालबालिकाको सर्वोत्तम हित अनुकुलका निवेदनहरु ।

(सूर्यप्रसाद भण्डारी)
श्रेस्तेदार

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"